# राजपत्र

खैरहनी नगरपालिकाद्धारा प्रकाशित

खण्ड (१) चितवन,फाल्गुन २९, २०७४ साल अंक ४

## भाग १

खैरहनी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम खैरहनी नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सवंत् २०७४ को ऐन नं. ४

# खैरहनी नगरपालिका शिक्षा ऐन, २०७४

## खैरहनी नगरपालिका, चितवन

नगरसभाबाट स्विकृत मिति :– २०७४/१०/०६

**प्रस्तावना:** नेपालको संबिधान एबं स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहमा शिक्षा सम्बन्धी अधिकार कार्यान्वन गर्न र खैरहनी नगरपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना

## खैरहनी नगरपालिकाद्धारा प्रकाशित

## खण्ड (१) चितवन,फाल्गुन २९, २०७४ साल अंक ४

भै सञ्चालनमा रहेका विद्यालयहरुको व्यस्थापन सुधार गर्दै गुणस्तरीय शिक्षाको विकास गर्न आवस्यक भएकोले खैरहनी नगरपालिकाको दोस्रो नगरसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “खैरहनी नगरपालिका शिक्षा ऐन २०७४”” रहेको छ ।

(२) यो ऐन खैरहनी नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) “ऐन”” भन्नाले खैरहनी नगरपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ख) “संघीय शिक्षा ऐन”” भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ग) “प्रदेश शिक्षा ऐन”” भन्नाले प्रदेश संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(घ) “नगरपालिका”” भन्नाले नेपालको संविधान बमोजिम गठन भएको खैरहनी नगरपालिका सम्झनु पर्छ ।

(ङ) “कार्यपालिका”” भन्नाले खैरहनी नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(च) “विद्यालय शिक्षा”” भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्छ ।

(छ) “प्रारम्भिक बाल शिक्षा”” भन्नाले चार बर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि दिईने प्रारम्भिक शिक्षालाई सम्झनु पर्छ र सो शब्दले नर्सरी, केजी र मन्टेस्वरी शिक्षालाई समेत सम्झनु पर्छ ।

(ज) “आधारभूत शिक्षा”” भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्म दिईने शिक्षा सम्झनु पर्छ ।

(झ) “माध्यमिक शिक्षा”” भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिईने शिक्षा सम्झनु पर्छ ।

(ञ) “विशेष शिक्षा”’’ भन्नाले दृष्टिबिहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी बिशेष प्रकार र निश्चित माध्यमबाट दिईने शिक्षा सम्झनु पर्छ।

(ट) “समावेशी शिक्षा”’’ भन्नाले देहायको शिक्षा सम्झनु पर्छ।

(१) दृष्टिविहिन, न्यून दृष्टियूक्त, बहिरा, सुस्तश्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिईने शिक्षा,

(२) सामाजिक आर्थिक वा भौगोलिक कारणले पछाडि परेका वा पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिईने शिक्षा।

(ठ) “प्राविधिक तथा व्यवसायिक शिक्षा”’’ भन्नाले प्राविधिक ज्ञान सीप तथा बिषयबस्तु सिकाईको व्यवस्थागरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा ९ देखि कक्षा १२ सम्म दिईने शिक्षालाई सम्झनु पर्छ।

(ड) “विद्यालय”’’ भन्नाले सामुदायियक विद्यालय वा संस्थागत विद्यालय सम्झनु पर्छ।

(ढ) “सामुदायिक विद्यालय”’’ भन्नाले सरकारबाट नियमितरुपमा अनुदान पाउने गरी अनुमित वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(ण) “संस्थागत विद्यालय”’’ भन्नाले सरकारबाट नियमितरुपमा अनुदान नपाउने गरी अनुमित वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(त) “प्रारम्भिक बाल शिक्षा केन्द्र”’’ भन्नाले खण्ड (घ) बमोजिमको शिक्षा दिन खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेस्वरी आदि सम्झनु पर्छ।

(थ) “आधारभूत विद्यालय” भन्नाले खण्ड (ज) बमोजिमको शिक्षा दिईने विद्यालय सम्झनु पर्छ।

(द) “माध्यमिक विद्यालय” भन्नाले खण्ड (च) र (झ) वा दफा (५) (ख) बमोजिमको शिक्षा दिईने विद्यालय सम्झनु पर्छ।

(ध) “धार्मिक विद्यालय”” भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

(न) “आवासीय विद्यालय” भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयकोरुपमा अनुमति वा स्वीकृति प्राप्त गरको विद्यालयलाई सम्भन्नु पर्छ ।

(प) “मन्त्रालय”” भन्नाले नेपाल सरकार, शिक्षा मन्त्रालय सम्भन्नु पर्छ ।

(फ) “प्रदेश मन्त्रालय”” भन्नाले प्रदेश नं ३ को शिक्षा मन्त्रालय सम्भन्नु पर्छ ।

(ब) “शिक्षक सेवा आयोग”” भन्नाले संघीय कानून बमोजिम गठन भएको शिक्षकहरुको नियुक्ती सिफारिस आदि गर्ने आयोग सम्भन्नु पर्छ ।

(भ) “पाठ्यक्रम विकास केन्द्र”” भन्नाले संघीय ऐन बमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्भन्नु पर्दछ ।

(म) “शिक्षक किताबखाना”” भन्नाले संघीय शिक्षा कानून बमोजिम गठन भएको शिक्षक किताबखाना सम्भन्नु पर्छ ।

(य) “प्रमुख”” भन्नाले खैरहनी नगरपालिकाको प्रमुखलाई सम्भन्नु पर्छ ।

(र) “प्रमुख” प्रशासकीय अधिकृत’’ भन्नाले खैरहनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्भन्नु पर्छ ।

(ल) “स्थानीय शिक्षा अधिकारी”” भन्नाले नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्भन्नु पर्छ ।

(व) “निरीक्षक” भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृतलाई सम्भन्नु पर्छ ।

(श) “प्रधानाध्यापक’’ भन्नाले विद्यालयको प्रशासनिक प्रमुखकोरुपमा नियमानुसार नियुक्ति भएको विद्यालयको प्रधानाध्यापकलाई सम्भन्नु पर्छ ।

(ष) “शिक्षक”” भन्नाले विद्यालयको अध्यापक सम्भन्नुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउंछ ।

(स) “अभिभावक”’’ भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले विद्यालय व्यवस्थापन समितिको गठन गर्ने प्रयोजनका लागि विद्यार्थीको बाबु वा आमा वा बाबु तर्फको बाजे वा बज्यैलाई जनाउंछ ।

(ह) “कर्मचारी”’’ भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्झनु पर्छ ।

(क्ष) “माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा”’’ भन्नाले माध्यमिक शिक्षाको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ ।

(त्र) “आधारभतू शिक्षा उत्तीण परीक्षा”’’ भन्नाल आधारभतू तहका अन्त्यमा हनु परीक्षा सम्झनपुर्छ ।

(ज्ञ) “अनुमति”’’ भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति वा सहायता प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिईएको अस्थायी स्वीकृतिलाई सम्दझनु पर्छ ।

(ज्ञ१) “स्वीकृति”’’ भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई सम्झनु पर्छ ।

(ज्ञ२) “शैक्षिक गुठी”’’ भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(ज्ञ३) “शैक्षिक सत्र”’’ भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने बार्षिक अवधि सम्झनु पर्छ ।
(ज्ञ४) “शिक्षा समिति”’’ भन्नाल यस ैएने बमोजिम गठन भएका नगर शिक्षा समितिलाइ सम्झन ुपर्छ ।

(ज्ञ५) “परीक्षा समिति”’’ भन्नाले आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समितिलाई सम्झनु पर्छ ।

(ज्ञ६) “व्यवस्थापन समिति” भन्नाले यसै ऐन बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(ज्ञ७) “शुल्क” भन्नाले विद्यालयले नियम बमोजिम विद्याथीसँग लिन पाउने शुल्क सम्झनु पर्छ ।

(ञ७) तोकिएको वा तोकिए बमोजम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका, कार्यविधि वा मापदण्डमा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **विद्यालय खोल्न अनुमति लिनुपर्नेः** (१) कुनै समुदायले वा नेपाली नागरिकहरुले विद्यालय खोल्न चाहेमा निर्धारित ढाँचामा तोकिएको विवरण खुलाई सम्बन्धित वडा समितिको सिफारिस सहित नगरपालिका समक्ष अनुमतिका लागि निवेदन दिनुपर्नेछ ।

(२) विद्यालय अनुमति, स्वीकृति र सञ्चालन तोकिए बमोजिम हुनेछ ।

४. **विशेष शिक्षा समावेशी शिक्षा अनौपचारिक शिक्षा निरन्तर शिक्षा दुर तथा खुला शिक्षा सञ्चालनः** (१) नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, दुर तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) विशेष शिक्षा र समावेशी शिक्षा सम्बन्धी व्यवस्था साधारण शिक्षा सरह हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि विशेष शिक्षा तर्फ अध्ययनरत बालबालिकाकको लागि पाठ्यक्रम पाठ्यपुस्तक सिकाई सहजीकरण प्रक्रिया र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।

(४) विशेष शिक्षा समावेशी शिक्षा र दुर तथा खुला शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५. **शिक्षाको प्रकार** : शिक्षाको प्रकार देहाय अनुसार हुनेछ ।

(क) आधारभूत शिक्षाको कक्षा ६–८

१. साधारण शिक्षा

२. परम्परागत धार्मिक शिक्षा

(ख) माध्यमिक शिक्षा

१. साधारण शिक्षा

२. परम्परागत धार्मिक शिक्षा

३. प्राविधिक तथा व्यवसायिक शिक्षा

नोटः आधारभूत शिक्षाको कक्षा १–५ एकै प्रकारको हुनेछ ।

६. **शिक्षाको माध्यमः** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा वा अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

(क) आधारभूत तहको प्रारम्भिक बाल शिक्षा देखि कक्षा ५ सम्म विद्यार्थीको मातृभाषामा शिक्षा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा निजले चाहेमा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषा बिषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

७. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक** : (१) विद्यालयले संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्री लागू गर्नुपर्नेछ ।

(२) पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. **परीक्षाको सञ्चालन र व्यवस्थापन** : (१) माध्यमिक शिक्षाको कक्षा दश र माध्यमिक तहको अन्त्यमा हुने परीक्षाको सञ्चालन संघीय शिक्षा ऐन बमोजिम हुनेछ ।

(२) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा नगरपालिकाले सञ्चालन गर्नेछ ।

(३) आधारभूत तहको अन्त्यमा हुने परीक्षाको सञ्चालन र व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(४) नगरस्तरीय परीक्षा समितिको गठन तोकीए बमोजिम हुनेछ ।

**९. नगर शिक्षा समिति** : (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन रेखदेख र समन्वय गर्ने कामको लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ ।

(क) नगरपालिका प्रमुख — अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग) नगर कार्यपालिकाका सदस्यहरु मध्येबाट नगर प्रमुखले तोकेको एकजना — सदस्य

(घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्ये शिक्षा समितिले मनोनित गरेको एकजना — सदस्य

(ङ) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट आधारभूत विद्यालयका एकजना र माध्यमिक विद्यालयका एकजना गरी शिक्षा समितिले मनोनित गरेको दुई जना सदस्य

(च) संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट शिक्षा समितिले मनोनित गरेको
सदस्य

(छ) स्थानीय सामुदायिक संस्था वा शिक्षा क्षेत्रमा क्रियाशील
विज्ञ मध्येबाट समितिले मनोनित गरेको एकजना सदस्य

(ज) स्थानीय शिक्षा अधिकारी सदस्य-सचिव

(२) मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा निजलाई मनोनित गर्ने निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर यसरी हटाउनु अघि निजलाई आफनो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिनेछैन ।

(३) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार :- प्रचलित कानून बमोजिम अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) बालबालिकालाई आधारभूत शिक्षासम्मको अध्ययन अनिवार्य रुपमा गराउन
अभिभावकलाई जानकारी गराउने तथा त्यसका लागि प्रोत्साहन गर्ने,

(ख) विद्यालयमा भर्ना भएका वा नभएका बालबालिका लगायत अन्य व्यक्तिको उमेर, जात, लिङ्ग समेतको आधारमा विवरण बनाई अद्यावधिक गराई राख्ने,

(ग) विद्यालयको शैक्षिक योजना सम्बन्धी अभिलेख अद्यावधिक गराई राख्ने तथा त्यस्तो योजनाको अनुगमन गरी सम्बन्धित निकायमा सुझाव पठाउने,

(घ) व्यवस्थापन समितिलाई स्थानीय स्रोत, साधनको पहिचान र परिचालनमा सहयोग
पुऱ्याउने तथा विद्यालयलाई प्राप्त स्रोतको बाँडफाँड गर्ने,

(ङ) गरीबीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागीता गराउन आवश्यक व्यवस्था मिलाउने,

(च) व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागि विद्यालयको सुपरीवेक्षण र अनुगमन गरी प्रधानाध्यापक, शिक्षक लगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गर्ने,

(छ) विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न जनचेतनामूलक कार्यक्रम, तालिम, गोष्ठी,
सेमिनार तथा कार्यशाला सञ्चालन गर्ने,

(ज) विद्यालयको भौतिक स्थितिको अध्ययन गरी सुधारका लागि पहल गर्ने,

(झ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण तयार गर्न सहयोग गर्ने,

(ञ) नगरपालिका क्षेत्र भित्रका शिक्षित जनशक्तिको अभिलेख राख्ने र त्यस्ता जनशक्तिबाट स्वयंसेवक भै अध्यापन गर्न प्रोत्साहित गर्ने,

(ट) शिक्षकको कार्य दक्षताको आधारमा पुरस्कारको व्यवस्था गर्ने,

(ठ) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने,

(ड) विद्यालयस्तरीय अन्तर खेलकुद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको विकास तथा सञ्चालन गराउने र सोको लागि पुरस्कारको व्यवस्था गर्ने,

(ढ) आफ्नो क्षेत्र भित्रका बालबालिकाको विद्यालय शिक्षामा पहुँच बढाउनको लागि आवश्यक व्यवस्था गर्ने,

(ण) आफ्नो क्षेत्र भित्र विशेष शिक्षा तथा समावेशी शिक्षा, गुरुकूल, मदरसा, गुम्बाबाट प्रदान गरिने शिक्षा सम्बन्धी योजना तर्जुमा गर्ने,

(त) विद्यालयहरुको विपद जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनीकरणका लागि कार्य योजना तयार गर्ने ।

(थ) विद्यालय शिक्षामा सुधारका लागि योजना वनाई नगर सभामा पेस गर्ने ।

(द) आफ्नो सेवा क्षेत्र भित्र विद्यालय सञ्चालन अनुमति, स्वीकृती, विद्यालय सार्ने, गाभ्ने, दरबन्दी मिलान लगायतका कार्य गर्ने गराउने

(ध) आफ्नो सेवा क्षेत्र भित्रका शिक्षक, कर्मचारीहरुको विवरण अद्यावधिक गराउने, रिक्त दरवन्दीमा नियुक्तिका लागि शिक्षक सेवा आयोगमा विस्तृत विवरण सहितको माग गर्न लगाउने,

(न) कुनै शिक्षक वा कर्मचारीलाई यस कार्यविधि बमोजिम विद्यालय व्यवस्थापन समितिले कारबाही गर्न अधिकार नभएको बिषयमा कारबाहीको लागि समितिको
राय सहितको प्रतिवेदन प्राप्त भएमा सो उपर कार्यबाही गर्ने गराउने,

**१०. शिक्षा समितिको बैठक :** (१) नगर शिक्षा समितिको बैठक सामान्यतया ३ महिनामा एक पटक बस्नेछ ।

(२) समितिका अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउने छ ।

(३) बैठक सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**११. नगर शिक्षा कोष :** (१) सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन
शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यार्थी शिक्षक तथा अभिभावकहरुलाई प्रोत्साहन तथा क्षमता विकासका कार्य गर्न नगरपालिका स्तरमा एक नगर शिक्षा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछ ।

(क) संघीय सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको कूल आम्दानीमध्ये तोकिए बमोजिम प्रतिशतले हुन आउने रकम,

(ङ) शिक्षा करबाट उठेको रकम,

(च) चन्दाबाट प्राप्त रकम,

(छ) शिक्षा समिति तथा परीक्षा समितिको निर्णयानुसार अन्य रकम ।

(३) कोषको सञ्चालन व्यवस्थापन र परिचालन शिक्षा समितिको निर्णयानुसार हुनेछ ।

**१२. विद्यालय व्यवस्थापन समिति** : (१) सामुदायिक विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति

रहनेछ ।

(क) अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएका दुईजना महिला सहित चार जना

सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको वडा समितिको सदस्य सदस्य

(ग) विद्यालयका संस्थापक स्थानीय बुद्धिजिवी शिक्षाप्रेमी विद्यालयलाई निरन्तर दश

वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय

व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित दुईजना सदस्य

(घ) विद्यालयका शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको एक जना सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक सदस्य सचिव

(२) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका विद्यार्थीका अभिभावकहरु र समावेशी वा स्रोतकक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना सदस्य अपाङ्गता भएका विद्यार्थीका अभिभावक रहनेछन् ।

खैरहनी नगरपालिकाको राजपत्र

(३) प्राविधिक तथा व्यवसायिक विषयमा अध्यापन गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा उद्योग तथा वाणिज्य संघका दुईजना प्रतिनिधि सदस्य रहनेछन् ।

(४) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क) (ख) र (ग) बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(५) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

(६) सम्बन्धित विद्यालय निरीक्षक र स्रोतव्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गरिनेछ ।

(७) संस्थागत विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयका कम्पनी सञ्चालक समितिका सदस्य वा गुठीयारहरुको बैठकले सिफारिश गरेको आधारमा विद्यालयको सिफारिसमा स्थानीय शिक्षा अधिकारीले

मनोनित गरेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरुले आफहूरुमध्यबोट छानी पठाएका एकजना महिला सहित दइुर्जना

\- सदस्य

ग) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको वडा समितिको सदस्य - सदस्य

(घ) सम्बन्धित विद्यालय निरीक्षक -सदस्य

(ङ) विद्यालयका शिक्षकले आफूहरु मध्येबाट छानी पठाएको एक जना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(८) उपदफा (१) (४) र (७) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिनेछैन ।

(९) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम

हुनेछ :-

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,

(ग) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने,

(घ) तालिममा जाने शिक्षक तथा कर्मचारीलाई तालिमबाट फर्केपछि कम्तीमा तीन बर्ष विद्यालयमा सेवा गर्नु पर्ने सम्बन्धमा शर्तहरू निर्धारण गरी कवुलियतनामा गराउने,

(ङ) शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षा र सम्वर्द्धन गर्ने,

(च) विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने । त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिदिएको तलब स्केलमा नघटाई तलब भत्ता दिने,

(छ) नेपाल सरकारबाट स्वीकृत भएको दरवन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र स्थानीय तहमा लेखी पठाउने,

(ज) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारबाही गर्ने,

(झ) कुनै शिक्षक वा कर्मचारीलाई यस कार्यविधि बमोजिम विद्यालय व्यवस्थापन समितिले कारबाही गर्न पाउने बिषयमा विभागीय कारबाही गरी त्यसको जानकारी सम्बन्धित स्थानीय तहलाई दिने तथा आफूलाई कारबाही गर्न अधिकार नभएको बिषयमा कारबाहीको लागि सिफारिस गर्नु पर्ने भएमा आवश्यकता अनुसार आफ्नो राय सहितको प्रतिवेदन स्थानीय तहमा पठाउने,

(ञ) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,

(ट) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(ठ) विद्यार्थीहरूले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्ने,

(ड) शिक्षक तथा कर्मचारीहरूको अभिलेख अध्यावधिक गराई राख्ने,

(ढ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक बर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी बर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

खैरहनी नगरपालिकाको राजपत्र

(ण) विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानून बमोजिम दर्ता भएका लेखा परीक्षकहरुमध्ये कम्तीमा तीन जना लेखापरीक्षकको नाम नियुक्तिको लागि स्थानीय शिक्षा अधिकारीसमक्ष सिफारिस गर्ने,

(त) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने,

(थ) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम प्रदान गर्ने,

(द) निरीक्षकले विद्यालयको छड्के जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएका दिनको तलब कट्टी गर्ने,

(ध) विद्यालय व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा

विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,

(न) स थानीय तहसँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,

(प) विद्यालयमा लक्षित समूहका लागि बिशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा स्थानीय तहमा माग गर्ने,

(फ) बार्षिकरुपमा विद्यालयका लागि आवश्यक मालसामान, मसलन्द सामग्रीको खरिद

योजना स्वीकृत गर्ने,

(ब) विद्यालयको विपद जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनिकरणका लागि कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने,

(भ) विद्यालयको चल अचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने,

(म) आफ्नै स्रोतबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारबाहीलाई व्यवस्थित गर्न कार्यविधि बनाई स्थानीय शिक्षा अधिकारी मार्फत स थानीय तहको कार्यपालिकाबाट स्वीकृत गराई लागू गर्ने,

(य) शिक्षक तथा कर्मचारीले आफ्नो पद अनुसारको आचरण पालना नगरेमा वा काम, कर्तव्य पूरा नगरेमा प्रचलित कानून बमोजिम सचेत गराउने, बढीमा दुई ग्रेडवृद्धि रोक्का गर्ने वा बढीमा दुई बर्षसम्म बढुवा रोक्का गर्न स्थानीय शिक्षा अधिकारी समक्ष कारबाहीको लागि सिफारिस गर्ने, तर यसरी विभागीय कारबाही अगाडि बढाउँदा सफाइको मनासिव मौका दिनुपर्नेछ ।

(र) स्थानीय शिक्षा अधिकारीले दिएको निर्देशन अनुरूप काम गर्ने ।

(१०) संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालयको शैक्षिक गुठीका गुठीयार वा कम्पनीका सञ्चालकसँग समन्वय गरी विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा र सम्वर्द्धन गर्ने,

(ग) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(घ) प्रत्येक बर्ष अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक बर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी बर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(ङ) विद्यालयको शिक्षक पदको दरबन्दी स्वीकृत गर्ने तथा रिक्त पदमा अस्थायी शिक्षक नियुक्त गर्ने र ६ महिना भित्र स्थायी पदपूर्तिको प्रक्रिया शुरु गर्ने,

(च) विद्यालयमा नियुक्त शिक्षक तथा कर्मचारीलाई सामुदायिक विद्यालयका समान तहका शिक्षकलाई नेपाल सरकारले उपलब्ध गराउने तलव भत्तामा नघट्ने गरी सुविधा उपलव्ध गराउने,

(छ) शिक्षक तथा कर्मचारी कल्याण कोषको व्यवस्था गर्ने,

(ज) खण्ड (छ) बमोजिमको कोषमा जम्मा भएको रकम सोही खण्डमा उल्लिखित काममा मात्र खर्च गर्ने,

(झ) आफ्नो आचरण अनुसार काम नगर्ने शिक्षक तथा कर्मचारीलाई विभागीय कारवाही गर्ने,

(ञ) विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानून बमोजिम दर्ता भएका लेखा परीक्षकहरु मध्येबाट कम्तीमा तीन जना लेखा परीक्षकको नाम नियुक्तिको लागि

स्थानीय शिक्षा अधिकारी मार्फत स्थानीय तह समक्ष सिफारिस गर्ने, (ट) विद्यार्थीहरूले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्ने, (ठ) स्थानीय शिक्षा अधिकारीले दिएका निर्देशन अनुरूप काम गर्ने ।

(ड) शिक्षक अभिभावक संघ गठन गर्ने ।

(११) व्यवस्थापन समितिले आफ्नो अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार व्यवस्थापन समितिको सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(१२) व्यवस्थापन समितिको छनौट योग्यता तथा वैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१३. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः** (१) देहायको अवस्था एवम् तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई स्थानीय शिक्षा अधिकारीको सिफारिसमा नगर शिक्षा समितिले दफा ( १२) (१) र (७) बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ ।

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) नेपाल सरकार प्रदेश सरकार वा स्थानीय सरकारको नीति विपरीत काम गरेमा, (घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा, वा

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशनको पालन नगरेमा ।

तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मुनासिव मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगर शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

१४. **विद्यालयको सम्पत्तिः** (१) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ ।

(२) सामुदायिक विद्यालयको अचल सम्पत्ति सोही विद्यालयको नाममा  रहनेछ । सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको वा समायोजन गरिएको सामुदायिक विद्यालयको अचल सम्पत्तिको स्वामित्व नगरपालिकाको हुनेछ ।

(३) शैक्षिक गुठी तथा सहकारीको रुपमा सञ्चालित संस्थागत विद्यालयको अचल सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र यो सम्पतिको स्वरुप परिवर्तन हुने छैन ।

(४) कम्पनीको रुपमा सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति कम्पनीको नाममा रहनेछ ।

(५) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासंग दान दातव्यकोरुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि नगर शिक्षा समितिको स्वीकृति लिनुपर्नेछ ।

(६) उपदफा (४) बमोजिमका सम्पत्ति नगरपालिकाका स्वीकृ त बगेर बचेविखन गर पाइर्न छनै ।

(७) विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. **विद्यालयको वर्गिकरणः** विद्यालयहरुलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

१६. **निशुल्क शिक्षा तथा शुल्क सम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले निशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसमको शुल्क लिन पाउनेछैन ।

(२) कुनै संघसस्था वा अभिभावकले आफ्नो स्वेच्छाले सामुदायिक विद्यालयलाई दिएको दान

उपहार चन्दा वा सहयोग लिन सकिनेछ ।

(३) सवै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा निशुल्क र अनिवार्य तथा माध्यमिक तह सम्मको शिक्षा निशुल्क प्रदान गर्नको लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

(४) दृष्टिविहिन बालबालिकालाई ब्रेललिपी तथा बहिरा तथा स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सांकेतिक भाषाको माध्यमबाट निशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिईसके पछि पुन सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको भर्ना शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण तथा मर्मत गर्नका लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले लिन पाउने तोकिए बमोजिमको शुल्क नगरपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नुपर्नेछ । यसरी शुल्क निर्धारणको स्वीकृत दिंदा विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिईनेछ ।

(८) संस्थागत विद्यालयले लिन पाउने शुल्क तथा शुल्क निर्धारणका आधारहरु लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) कुनै विद्यालयले यस ऐन तथा अन्तर्गत बनेका नियमावली निर्देशिका कार्यविधि वा मापदण्ड विपरित कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्छ ।

(१०) यस ऐन विपरित शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले तिस हजार रुपैया जरिवाना गर्नेछ ।

**१७. विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति सम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

(२) संस्थागत विद्यालयले प्रत्येक कक्षामा प्रथम, द्वीतीय र तृतिय हुने विद्यार्थीलाई क्रमशः शत प्रतिशत, पचास प्रतिशत तथा पच्चिस प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(३) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम विपन्न तथा गरिव महिला जनजाति दलित अपाङ्गता भएका र जेहेन्दार विद्यार्थीलाई निशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समितिमा अविभावकबाट छनौट भएको सदस्यको संयोजकत्वमा नगरपालिकाको विद्यालय निरीक्षक र विद्यालयको प्रधानाध्यापक रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(५) उपदफा (२) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्ने आधार प्रक्रिया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१८. बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा पठाउनु पर्नेः** (१) सबै अभिभावकले पाँच वर्ष पुरा भएका बालबालिकालाई आधारभुत शिक्षाका लागि अनिवार्य रुपमा विद्यालय पठाउनु पर्नेछ । (२) उपनियम (१) बमोजिम आफ्नो क्षेत्रभित्रका बालबालिकालाई विद्यालय पठाए नपठाएको सम्बन्धमा नगर शिक्षा समिति, सम्बन्धित वडाको वडा अध्यक्ष, विद्यालय निरिक्षक, स्रोत व्यक्ति तथा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ ।

(३) कुनै अभिभावकले उपनियम (१) बमोजिम बालबालिकालाई विद्यालयमा पठाएको नदेखिएमा त्यस्तो अभिभावकलाई सम्झाई बुझाई, विशेष सहयोग तथा प्रेरित गरी त्यस्ता बालबालिकालाई विद्यालयमा पठाउन लगाउनु पर्नेछ ।

(४) उपनियम (३) वमोजिम सम्झाई बुझाई गर्दा समेत बालबालिकालाई विद्यालय नपठाउने अभिभावकलाई नगरपालिकाबाट उपलब्ध गराउने सेवा सुविधावाट वञ्चित गर्न सकिनेछ ।

(५) यस नियम बमोजिम विद्यालयमा भर्ना भएका विद्यार्थीलाई विद्यालयले निःशुल्क अध्ययन गराउनु पर्नेछ ।

(६) विद्यालय जाने उमेर समूहका वालवालिकालाई अनिवार्य रुपमा विद्यालय भर्ना अभियान तथा कार्यक्रम तर्जुमा गरी लागु गर्ने दायित्व शिक्षा समितिको हुनेछ ।

**१९. विद्यालय खोल्न, कक्षा थप गर्न, नाम परिवर्तन गर्न, सार्न, गाभ्न, समायोजन गर्न, कक्षा वा तह घट ाउन वा वन्द गर्न सक्नेः**

(१) नगरपालिकाले नगर शिक्षा समितिको राय लिई कुनै ठाउँमा विद्यालय खोल्न कक्षा थप गरी सञ्चालन गर्ने अनुमति दिन विद्यालयको नाम परिवर्तन गर्न सञ्चालन भईरहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न दुई वा सो भन्दा बढी विद्यालय गाभी एउटा विद्यालय कायम गर्न एउटा विद्यालयलाई अर्को विद्यालयमा समायोजन गर्न कुनै विद्यालयको तह वा कक्षा घटाउन वा वन्द गर्न सक्नेछ ।

(२) विद्यालय खोल्ने कक्षा थप गर्ने नाम परिवर्तन गर्ने सार्ने गाभ्ने समायोजन गर्ने कक्षा वा तह घटाउने वा वन्द गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२०. शिक्षक छनौट समिति** : (१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक वा करारमा शिक्षक नियुक्तिका

लागि सिफारिस गर्न वा संस्थागत विद्यालयमा स्थायी शिक्षक नियुक्तिको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाए बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ :-

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - अध्यक्ष

(ख) नगर शिक्षा समितिले तोकेको नगर कार्यपालिकाको सदस्य - सदस्य

(ख) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा स्थानीय शिक्षा अधिकारीले तोकेको प्रतिनिधि - सदस्य

(ग) नगरपालिकामा सुचिकृत विषय विशेषज्ञहरु मध्ये दुई जना - सदस्य

(घ) प्रध्यानाध्यापक -सदस्य सचिव

(२) शिक्षक सेवा आयोगले शिक्षक छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारि गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नुपर्नेछ।

(३) शिक्षक छनौट सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) खण्ड (ग) बमोजिम नगरपालिकाले बिषय विज्ञहरुलाई सूचीकृत नगर्दा सम्मको लागि जिल्ला शिक्षा कार्यालयले सूचीकृत गरेका बिषय विज्ञहरु मध्येबाट छनौट गर्न सकिनेछ ।

२१. **करारमा शिक्षक नियुक्ति सम्बन्धि व्यवस्था :**

(१) नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसके तत्काल करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमा व्यवस्थापन समितिले स्थानीय शिक्षा अधिकरी मार्फत शिक्षक सेवा आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सुची माग गर्नु पर्नेछ।

(२) उप दफा (१) बमोजिम माग गरेको सूची प्राप्त भएपछी सूचीमा रहेका उम्मेदवारहरु मध्येबाट योग्यता क्रमको आधारमा व्यवस्थापन समितिले बढीमा १ शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागी कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएमा उम्मेदवारले शिक्षक पदमा नियुक्ति हुन निवेदन नदिएमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा १ शैक्षिक सत्रको लागि योग्यता पुगेका कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा स्थानीय शिक्षा अधिकारीबाट दरवन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर बिषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ।

(५) राहत अनुदान कोटामा करार शिक्षक छनौट सम्बन्धी व्यवस्था यसै दफामा उल्लेख भएबमोजिम हुनेछ ।

**२२. शिक्षकको सरुवाः** (१) सरुवा हुन चाहने स्थायी शिक्षकले तोकिए बमोजिमको निवेदन फाराम भरी सम्बन्धित नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा स्थानीय शिक्षा अधिकारीले दरवन्दी रिक्त र बिषय मिल्ने देखिएमा त्यस्तो शिक्षकलाई सरुवा गर्न सक्नेछ ।

तर त्यसरी सरुवा गर्दा निवेदक कार्यरत स्थानको नगरपालिका र गाउँपालिकाको सहमति लिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै विद्यालयमा तिन बर्ष सेवा अवधि पूरा गरेको स्थायी शिक्षकलाई तोकिए बमोजिमको मापदण्डको आधारमा नगरपालिकाले आफ्नो नगर भित्रको कुनै पनि विद्यालयमा सरुवा गर्न सक्नेछ ।

तर दरवन्दी मिलान गर्दा वा तोकिए बमोजिमको बिशेष कारणबश कुनै शिक्षकलाई कुनै विद्यालयबाट सरुवा नगरी नहुने भएमा त्यस्तो शिक्षकको एउटै विद्यालयमा तिन बर्ष पूरा नभएको भए पनि कारण खुलाई यस दफा बमोजिम सरुवा गर्न बाधा पर्ने छैन ।

**२३. विद्यालय तथा प्रारम्भिक वाल शिक्षा केन्द्रलाई अनुदानः** (१) नगरपालिकाले सामुदायिक विद्यालयहरुलाई देहायको आधारमा अनुदानको बाँडफाँड गर्नेछ ।

(क) विद्यालयको विद्यार्थी संख्या,

(ख) विद्यालयको शिक्षक संख्या, (ग) विद्यालयको
सिकाई उपलब्धी, (घ) विद्यालयको आर्थिक
अवस्था ।

(२) नगरपालिकाको सहयोगमा खोलिएका प्रारम्भिक बाल शिक्षा केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

(३) विद्यालयले प्राप्त गरेको रकम जुन कामका लागि खर्च गर्न निकाशा भएको हो सोही शीर्षकमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार खर्च गर्नुपर्नेछ ।

(४) यस ऐन प्रारम्भ हुँदाका बखत सामुदायिक विद्यालयलाई दिंदै आएको अनुदान रकममा कटौती गरिनेछैन ।

तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिंदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौति गर्न सकिनेछ ।

**२४. साझेदारीमा विद्यालय संचालन गर्न सक्नेः** (१) नगरपालिकाले सामुदायिक विद्यालय र सार्वजनिक गुठी अन्तर्गत सञ्चालित विद्यालयहरु बीच साझेदारीमा विद्यालय सञ्चालन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका विद्यालयको व्यवस्थापन समिति गठन काम कर्तव्य र अधिकार साझेदारीका तरिका तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. **सामुदायिक सिकाई केन्द्र संचालन गर्न सक्नेः** (१). नगरपालिकाले समुदायमा साक्षरता सीप विकास, निरन्तर सिकाई र पुस्तकालय व्यवस्थापन समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(२) सामुदायिक सिकाई केन्द्र एक वडामा एउटा भन्दा बढी हुने छैन ।

(३) सामुदायिक सिकाई केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२६. **निर्देशन दिन सक्नेः** (१) नगरपालिकाले आवश्यकता अनुसार नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईएको निर्देशनको पालना गर्नु नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

२७. **विद्यालयलाई छुट र सुविधा :** (१). प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेसन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेसन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

२८. **अनुमति वा स्वीकृति रद्द गर्नेः** कुनै विद्यालयले यो ऐन, यस अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड वा नगरपालिकाले दिएको निर्देशन विपरित काम गरेमा त्यस्तो विध्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति नगरपालिकाले रद्द गर्नेछ ।

२९. **विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्नेः** (१) विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा सिकाई सहजीकरण गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनैपनि किसिमको अवान्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम विद्यालयलाई सुरक्षित क्षेत्र कायम सम्बन्धी अन्य व्यवस्था तोकिए

बमोजिम हुनेछ ।

३०. **बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने**

(१) कुनै पनि बालबालीकालाई विद्यालयबाट निष्कासन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्ब्यवहार गर्न पाईने छैन ।

खैरहनी नगरपालिकाको राजपत्र

३१. **शिक्षक तथा कर्मचारीको पदीय आचरण** (१) शिक्षकहरु उच्च आदर्शले प्रेरित भई सिकाई सहजीकरण कार्यमा संलग्न हुनु पर्नेछ ।

(२) शिक्षक तथा कर्मचारीहरुको लागि आचारसंहिता तोकिनेछ । तोकिएका आचारसंहिताको पालना गर्नु शिक्षक तथा कर्मचारीको कर्तव्य हुनेछ ।

(३) तोकिएको आचारसंहिताको पालना नगरेमा एवम् देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाईनेछ ।

(क) पदीय दायित्व पूरा नगरेमा,

(ख) बिना सूचना लगातार १५ दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाईएमा ।

यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीयस्तरका कार्यकारिणी समितिमा सम्झनु पर्छ ।

३२. **शिक्षकलाई अन्य काममा लगाउन नहुनेः** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने विद्यालयको प्रशासन व्यवस्थापन सम्बन्धी काममा वाहेक अन्य काममा लगाउन पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठनपाठनमा बाधा नपुग्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्दार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

३३. **तलव भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः** नियमानुसार बिदा वा काज स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षक वा कर्मचारीले अनुपस्थित अवधिको तलव भत्ता पाउनेछैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन ।

३४. **स्थायी आवासीय अनुमति लिन नहुने** : सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले विदशी स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुंदैन । यो दफा प्रारम्भ हुनु अंघि कसैले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ ।

३५. **कर्मचारी सम्बन्धी व्यवस्थाः** बिद्यालयमा रहने कर्मचारीको दरबन्दी, नियुक्ति प्रक्रिया र कर्मचारीले पाउने सुबिधा तोकिए बमोजिम हुनेछ ।

३६. **शिक्षक विद्यार्थीको अनुपात ,दरवन्दी मिलान र थप शिक्षक सहायता :** शिक्षक विद्यार्थीको अनुपात दरवन्दी मिलान र थप शिक्षक सहायता तोकिए बमोजिम हुनेछ ।

३७. **अनुमति नलिई शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम, कोचिङ कक्षा वा शिक्षण कोर्ष संचालन गर्न नहुने :** (१) कसैले पनि नगरपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम, कोचिङ कक्षा वा शिक्षण कोर्ष सञ्चालन गर्न पाइने छैन ।

(२) शैक्षिक परामर्श सेवा, विदशी शैक्षिक कार्यक्रम, कोचिङ कक्षा वा शिक्षण कोर्ष सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३८. **नियम बनाउने अधिकारः** (१) यस ऐनको उद्धेश्य कार्यान्वयन गर्न यस ऐनको अधिनमा रही कार्यपालिकाले खासगरी देहायका बिषयमा नियमावली निर्देशिका कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

(क) विद्यार्थीलाई लाग्ने शुल्क र निर्धारणका आधारहरु,

(ख) विद्यालयको छात्रवृत्ति,

(ग) विद्यालयलाई दिईने अनुदान,

(घ) विद्यालयको परीक्षा,

(ङ) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण तथा मूल्याङ्कन,

(च) विद्यार्थी शिक्षक अनुपात तथा दरवन्दी मिलान,

(छ) विद्यालय समायोजन,

(ज) प्रति विद्यार्थी लागतका आधारमा शिक्षक सहयोग,

(झ) माध्यमिक तहको कक्षा एघार र बाह्रमा शिक्षक व्यवस्थापन प्रारम्भिक बाल शिक्षा केन्द्र व्यवस्थापन,

(ट) विद्यालयको सह तथा अतिरिक्त कार्यकलाप र कार्यक्रम

(ठ) विद्यालयको सम्पत्तिको सुरक्षा,

(ड) विद्यालयको नामाकरण,

(ढ) विद्यालयको छात्रवास चलाउने,

(ण) विद्यालयको पाठ्यक्रम पाठ्यपुस्तक र सन्दर्भ सामग्री,

(त) विशेष तथा समावेशी शिक्षा,

(थ) अनौपचारिक तथा निरन्तर शिक्षा,

(द) दुर तथा खुला शिक्षा,

(ध) नगर शिक्षा कोष,

(न) विद्यालयको कोष,

(प) विद्यालयको पुस्तकालय र वाचनालय,

(प) ट्युसन कोचिङ शैक्षिक परामर्श भाषा शिक्षण जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा,

(ब) शिक्षक तथा विद्यार्थीको आचारसंहिता,

(भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा

(म) शिक्षक तथा विद्यालय व्यवस्थापन तालिम,

(य) प्रधानाध्यापक नियुक्तिको लागि आवश्यक योग्यता काम कर्तव्य अधिकार र सुविधा, (र) विद्यालयको झण्डा चिन्ह र प्रार्थना ।

**३९. बाधा अड्काउ हटाउने अधिकारः** यस ऐनको कार्यन्वयनमा बाधा अड्काउ परेमा कार्यपालिकाले आवश्यक आदेश जारी गर्नेछ ।

**४०. संशोधन** : यस ऐनका कुनै दफामा संशोधन गर्नु परेमा नगरसभाले संशोधन गर्न सक्नेछ ।

**४१. बचाउ र लागु नहुनेः** यस ऐन र अन्तर्गत बनेका नियममा लेखिएका कुराहरु यसै बमोजिम र यसमा नलेखिएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

**प्रमाणित गर्नेः-**

**पुरुषोत्तम शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**
**(उप-सचिव)**

खैरहनी नगरपालिकाको राजपत्र